वन तथा वातावरण मन्त्रालय
(मा.मन्त्रीस्तर) बाट
स्वीकृत मितिः २०८०/५/१८

# व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावना**: व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् र उपयोग गर्ने कार्यलाई व्यवस्थापन र नियमन गरी वन्यजन्तुको दीगो संरक्षण तथा उपयोगबाट आर्थिक समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ट. को अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुमतिपत्र" भन्नाले नियमावलीको नियम ३६ख. को उपनियम (४) बमोजिम प्रदान गरिने अनुमतिपत्रलाई सम्झनु पर्छ ।

(ख) "इन्क्लोजर" भन्नाले फार्मभित्र वन्यजन्तुलाई सुरक्षित साथ राख्न काठ, फलाम वा अन्य यस्तै उपयुक्त धातु वा वस्तुको प्रयोग गरी बनाइएको छेकबारलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र कार्यालय र डिभिजन वन कार्यालय सम्झनु पर्छ ।

(ङ) "प्राविधिक समिति" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ङ. बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(च) "फार्म" भन्नाले वन्यजन्तु पालन, प्रजनन् तथा उपयोग गर्ने प्रयोजनको लागि चारकिल्ला सहितको छुट्टाईएको क्षेत्र सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० सम्झनु पर्छ ।

(ज) "बीउ प्राणी" (सिड एनिमल) भन्नाले व्यवसायिक रुपमा वन्यजन्तु पालन, प्रजनन् तथा उपयोगको लागि नियमावलीको अनुसूची- १६ बमोजिम उपलब्ध गराइएको वन्यजन्तु सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ट) "सञ्चालक" भन्नाले नियमावलीको नियम ३६ख. को उपनियम (४) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ठ) "संरक्षित क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र र तिनको मध्यवर्ती क्षेत्रलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी व्यवस्था

३. **फार्मको स्थापना र सञ्चालनः** (१) व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग गर्न चाहने सञ्चालकले आवश्यक पर्ने फार्मको स्थापना र सञ्चालन निजी जग्गामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सञ्चालकले नियमावलीको नियम ३६ख. को उपनियम (१) र यस मापदण्डको अनुसूची- १ बमोजिमको ढाँचामा अनुमतिको लागि विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर प्राविधिक समितिले अनुसूची- २ बमोजिमको जाँचबुझ तथा मूल्याङ्कन गरी राय सहितको प्रतिवेदन विभागमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा विभागले नियमावलीको अनुसूची- १६ बमोजिमको दस्तुर लिई अनुसूची- १८ को ढाँचामा अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थापना र सञ्चालन फार्मको दूरी सम्बन्धी मापदण्ड देहाय अनुसार हुनेछ ।

| क्र.सं. | विवरण | न्यूनतम दूरी |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | सार्वजनिक बाटोबाट | १०० मिटर |
| ३ | खोला वा नदी किनारबाट | १०० मिटर |
| ४ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | १०० मिटर |
| ५ | वन, संरक्षित क्षेत्रको वन क्षेत्र, जैविक मार्गबाट | १ किलो मिटर |
| ६ | शहर तथा घना बस्तीबाट | १०० मिटर |
| ७ | एक फार्मदेखिको अर्को फार्म सम्मको दुरी | ५०० मिटर |

(६) सञ्चालकले विभागको सहमतिमा प्रचलित कानून बमोजिम आफ्नो स्वामित्व र हक भोगको रहेको फार्म कसैलाई बिक्री वितरण गरी हक हस्तान्तरण गरी दिन वा अन्य कसैको स्वामित्व र हक भोगको रहेको फार्म खरिद गरी लिन सक्नेछ ।

(७) सञ्चालकले विभागको सहमतिमा फार्मको चारकिल्ला क्षेत्रफल बृद्धि गरी व्यवसाय विस्तार गर्न सक्नेछ ।

(८) सञ्चालकले फार्मको शाखा विस्तार गरी व्यवसाय विस्तार गर्न चाहेमा सोको विवरण खुलाई विभागमा निवेदन दिनु पर्नेछ । विभागले आवश्यक जाँचबुझ गरी शाखा विस्तार गर्न मनासिव ठानेमा यस मापदण्डको सम्पूर्ण प्रक्रिया पूरा गरी वा गर्न लगाई शाखा विस्तारको अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(९) सञ्चालकले फार्मको स्थापना र सञ्चालन गर्न प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु, गराउनु पर्नेछ ।

(१०) फार्म स्थापना र सञ्चालन सम्बन्धमा आवश्यकतानसार विभागले थप शर्त तोक्न सक्नेछ ।

(११) सामुदायिक वनको उद्देश्य अनुरुप पर्यापर्यटन, अनुसन्धान, वन्यजन्तुको उद्दार र शैक्षिक प्रयोजनको लागि मात्र यस मापदण्डको अनुसूचिमा उल्लेख भएको फार्मको न्यूनतम क्षेत्रफल र इन्क्लोजरको नाप साईज अनुसार हुने गरी वन्यजन्तु पालन अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(१२) उपदफा (११) अनुसार सामुदायिक वनमा वन्यजन्तु पालन गर्ने सम्बन्धमा उपदफा (५) अन्तर्गत क्र.सं. ५ को दूरी सम्बन्धी प्रावधान लागू हुने छैन ।

४. <u>बीउ प्राणी उपलब्ध गराउन सक्नेः</u> (१) सञ्चालकलाई वीउ प्राणी आवश्यक भएमा अनुसूची- ३ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन उपर कार्यालयले स्थलगत अध्ययन गरी आफ्नो क्षेत्राधिकार रहेको वन्यजन्तुको प्राकृतिक वासस्थानको क्षेत्रबाट बीउ प्राणी उपलब्ध हुन सक्ने वा नसक्ने खुलाई रायसहितको प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर प्राविधिक समितिले अध्ययन गरी बीउ प्राणी उपलब्ध हुन सक्ने वा नसक्ने विषयमा रायसहितको प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा विभागले नियमावलीको अनुसूची- १६ बमोजिमको दस्तुर लिई यस मापदण्डको अनुसूची- ४ बमोजिमको पत्र उपलब्ध गराउनेछ । बीउ प्राणी उपलब्ध गराउँदा विभागले उद्दार गरिएका, टुहुरा, चिडियाखानामा रहेका र प्राकृतिक वासस्थानमा वन्यजन्तुमध्येबाट प्राथमिकताको आधारमा उपलब्ध गराउने छ ।

(५) उपदफा (४) बमोजिमको बीउ प्राणीमा सञ्चालकले टयाग वा चिप्स जडान गरी सोको अभिलेख राखी सम्बन्धित कार्यालय र विभागमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको बीउ प्राणी समात्दा वा पक्रँदा आवश्यक पर्ने औषधी, उपकरण र प्राविधिकको व्यवस्था सञ्चालकले गर्नु पर्नेछ । सो कार्य विभाग वा कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारी र पशु चिकित्सकको प्रत्यक्ष निगरानीमा गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम बीउ प्राणी समात्दा, पक्रँदा वा नियन्त्रणमा लिंदा वन्यजन्तुको मृत्यु भएमा पोष्टमार्टम गरी सम्बन्धित कार्यालयको प्रतिनिधी, सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधी, मध्यवर्ती क्षेत्र / संरक्षण क्षेत्र अन्तर्गत गठन भएका समूह / समितिका पदाधिकारी वा सामुदायिक वन उपभोक्ता समूह / साझेदारी वन उपभोक्ता समूहका पदाधिकारीको रोहवरमा मुचुल्का गरी सम्बन्धित कार्यालयले तोकेको स्थानमा खाडल खनी गाड्नु पर्नेछ ।

(८) सञ्चालकले उपदफा (४) बमोजिमको बीउ प्राणी प्राप्त गरिसकेपछि थप बीउ प्राणी आवश्यक भएको विश्वसनीय आधारसहितको निवेदन पेश गरेमा सम्बन्धित कार्यालयको रायसहितको प्रतिवेदन र प्राविधिक समितिको सिफारिसको आधारमा विभागले तोकिएको प्रक्रिया पूरा गरी लाग्ने दस्तुर लिई बीउ प्राणी उपलब्ध गराउनु पर्नेछ ।

(९) बीउ प्राणी उपलब्ध गराउने सम्बन्धमा आवश्यकतानुसार कार्यालयले थप शर्त तोक्न सक्नेछ ।

५. <u>विदेशबाट बीउ प्राणी आयात गर्दा अपनाउनु पर्ने प्रक्रियाः</u> (१) सञ्चालकले बीउ प्राणी विदेशबाट आयात गर्न चाहेमा अनुसूची- ५ बमोजिमको ढाँचामा विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्राविधिक समितिले आवश्यक अध्ययन गरी आयात गर्न मिल्ने वा नमिल्ने रायसहितको प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा विभागले अनुसूची- ६ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकले विदेशबाट आयात गरिएको बीउ प्राणीमा टयागिङ लगायतका कार्य गरी सोको विवरण सम्बन्धित कार्यालयबाट प्रमाणित गराई वा आयात गर्न नसकेको कारण खुलाई अनुमतिको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोको अद्यावधिक प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ ।

(५) यस मापदण्ड प्रारम्भ हुनु अघि विदेशबाट बीउ प्राणी आयात गरी व्यवसायिक रुपमा पालन, प्रजनन् गरिएका वन्यजन्तुहरुको हकमा सञ्चालकले यो मापदण्ड प्रारम्भ भएको मितिले एक वर्षभित्र मापदण्डमा तोकिएको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

६. <u>अनुमति प्राप्त अन्य सञ्चालकबाट बीउ प्राणी प्राप्त गर्न सक्ने:</u> (१) व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग गर्न चाहने सञ्चालकले विभागको स्वीकृति लिई अनुमति प्राप्त सञ्चालकबाट दोस्रो वा सोभन्दा पछिको पुस्ता बीउ प्राणीको रुपमा प्राप्त गर्न सक्नेछ । यस सम्बन्धीको बीउ प्राणी वापतको दस्तुर बाहेक अन्य प्रक्रिया यो मापदण्डको दफा ४ सरहनै हुनेछ ।

## परिच्छेद- ३

## <u>भौतिक पूर्वाधार र जनशक्ति सम्बन्धी व्यवस्था</u>

७. <u>भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्था:</u> (१) सञ्चालकले भौतिक पूर्वाधारको निर्माण मानिस, जंगली र घरपालुवा जनावर, पंक्षी र प्राकृतिक प्रकोपले समेत क्षति पुऱ्याउन नसक्ने गरी गर्नु पर्नेछ ।

(२) सञ्चालकले फार्मभित्रको वन्यजन्तुको सुरक्षाको लागि प्राविधिक रुपमा उपयुक्त किसिमको वन्यजन्तुमैत्री कम्पाउण्डवाल, जैविक बार वा अन्य आवश्यक भौतिक पूर्वाधार र जनशक्ति सम्बन्धी व्यवस्था बीउ प्राणी लिनु अगावै गर्नु पर्नेछ ।

(३) फार्मभित्र पालिएका वन्यजन्तुहरु फार्मबाट कुनै कारणले बाहिर निस्की कसैको हानी नोक्सानी वा क्षति गरेमा सो नोक्सानी वा क्षतिको दायित्व तथा जिम्मेवारी सञ्चालकले व्यहोर्नु पर्नेछ ।

(४) सञ्चालकले फार्मभित्र अनुसूची- ७ बमोजिमको जनशक्ति र अनुसूची- ८ बमोजिमको सुविधा र उपकरणको व्यवस्था गर्नु पर्नेछ ।

(५) सञ्चालकले पालन गर्ने वन्यजन्तुलाई पिउने, आहाल खेल्ने, तथा सरसफाई जस्ता कार्यको लागि चाहिने पानीको उचित प्रबन्ध गर्नु पर्नेछ ।

(६) सञ्चालकले फार्ममा प्राकृतिक रुपमा रहेका रूख, विरूवा र वनस्पतिको विवरण अद्यावधिक गर्ने र आवश्यकताअनुसार रुख प्रजातिका विरुवारोपण र घाँसरोपण कार्य गर्नु पर्नेछ ।

(७) सञ्चालकले वन्यजन्तुको प्रजाति अनुसारको पौष्टिक आहार, आनीबानी सुहाँउदो खुल्ला चरिचरन, खेल्ने, आराम गर्ने स्थान, एभेरी, हाइवरनेशन, एष्टिभेशन, आदिको लागि फार्मभित्र आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(८) बिरामी वा रोग लागेका वन्यजन्तुलाई बथानबाट छुट्टै राख्ने सेग्रिगेसन साइटको व्यवस्था गर्नु पर्नेछ ।

(९) फार्ममा कार्यरत कर्मचारी र आगन्तुकलाई पोशाक बदल्ने कोठा, नि:संक्रमण गर्ने तथा सफा शौचालयको व्यवस्था गर्नु पर्नेछ । फार्ममा कार्यरत रहने कर्मचारीको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था समेत गर्नु पर्नेछ ।

परिच्छेद- ४

## वन्यजन्तुको उपयोग, बिक्री, वितरण र ओसारपसार सम्बन्धी व्यवस्था

८. **वन्यजन्तुको उपयोग, बिक्री, वितरण र ओसारपसार गर्ने सम्बन्धी व्यवस्था:** (१) सञ्चालकले फार्ममा उत्पादन भएका दोस्रो वा सो भन्दा पछिको पुस्ताका वन्यजन्तु हो भन्ने स्पष्ट चिन्हिने गरी ट्याग वा चिप्स जडान गर्ने व्यवस्था गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको वन्यजन्तु वा तिनका अङ्ग वा अङ्गबाट तयार गरिएका वस्तुको उपयोग, बिक्री, वितरण गर्न अनुसूची- ९ र स्वदेशभित्र ओसारपसार गर्न अनुसूची- १० बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गरी अनुसूची- ११ को ढाँचामा उपयोग, बिक्री वितरण र अनुसूची- १२ बमोजिमको ढाँचामा स्वदेशभित्र ओसारपसार गर्न अनुमति दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमका वन्यजन्तु र तिनको अङ्ग वा अङ्गबाट तयार गरेका वस्तुको उपयोग, बिक्री, वितरण गर्दा कार्यालयले तोकेको स्थानबाट गर्नु पर्नेछ ।

(५) वन्यजन्तु पालन प्रजनन् गरी उत्पादन भएका दोस्रो वा सो भन्दा पछिको पुस्ताका वन्यजन्तु वा तिनका अङ्ग वा अङ्गबाट तयार गरिएका वस्तु विदेश निकासी गर्न परेमा विभागको सहमतिमा प्रचलित कानून बमोजिम विदेश निकासी गर्न सकिनेछ ।

(६) सञ्चालकले प्राप्त गरेको बीउ प्राणी वा तिनको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तुको उपयोग, विक्री, वितरण, स्वदेशभित्र ओसारपसार र विदेश निकासी गर्न पाउने छैन ।

(७) सञ्चालकले खाद्य प्रविधि तथा गुण नियन्त्रण सम्बन्धी प्रचलित कानून बमोजिम वन्यजन्तुबाट उत्पादित वस्तुको गुणस्तर कायम हुने गरी प्रशोधन र प्याकेजिङ्ग गरी ब्रान्डिङ्ग गर्ने कार्य गर्नु पर्नेछ ।

(८) सञ्चालकले फार्मबाट उत्पादन भएको वन्यजन्तुको अङ्ग प्रत्यङ्ग राख्न वा कुनैबाट सोको हक हस्तान्तरण गरी लिन वा हक हस्तान्तरण गरी दिन सम्बन्धित कार्यालयको अनुमति लिनु पर्नेछ ।

(९) सञ्चालकले मासुका लागि फार्ममा पालिएका वन्यजन्तुको वध गर्न अन्य वन्यजन्तुले नदेखिने र आवाज नसुनिने गरी कार्यालयले तोकेको स्थानमा वधशालाको स्थापना गर्नु पर्नेछ । पशु वध गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ ।

(१०) मासुको लागि प्रयोग हुने वन्यजन्तुको वध गर्नु भन्दा पहिला दर्तावाल पशुचिकित्सकबाट एन्टि मोर्टम परिक्षण गरी वध गर्न योग्य र वधपश्चात मासुको गुणस्तर परिक्षण गरी मासु खान योग्य रहेको प्रमाणपत्र लिनु पर्नेछ ।

## परिच्छेद- ५

## वन्यजन्तुको स्वास्थ्य तथा फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था

९. **वन्यजन्तु घाइते वा बिरामी भएमा औषधी उपचार गर्नुपर्ने:** (१) सञ्चालकले पालन गरेका वन्यजन्तु घाइते वा बिरामी भएमा आफूसँग भएको पशु चिकित्सकको साथै आवश्यकता अनुसार पायक पर्ने पशु सेवा कार्यालयहरुबाट प्राविधिक सहयोग लिन सक्नेछ ।

(२) फार्ममा भएको वन्यजन्तु क्लिनिकमा उपचार गराउन सम्भव नभएमा सञ्चालकले आफ्नै खर्च र जिम्मेवारीमा पशु अस्पतालमा उपचार गराउन सक्नेछ । यसरी उपचार गर्न फार्मबाट वन्यजन्तु बाहिर लैजान सम्बन्धित कार्यालयबाट अनुमति लिनु पर्नेछ र उपचार पश्चात फिर्ता ल्याएको समेत सम्बन्धित कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(३) पालन गरिएका वन्यजन्तु एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा पशुपंछी ढुवानी सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ ।

(४) घाइते वा विरामी भई औषधोपचार गर्ने क्रममा वा प्राकृतिक कारणबाट वन्यजन्तुको मृत्यु भएमा पोष्टमार्टम गरी स्थानीय वातावरण, मानिस र अन्य वन्यजन्तुको स्वास्थ्यमा असर नपर्ने र रोग फैलिन नदिने गरी सम्बन्धित कार्यालयको प्रतिनिधी र स्थानीय जनप्रतिनिधीको रोहवरमा मुचुल्का खडा गरी सम्बन्धित कार्यालयले तोकेको स्थानमा अग्नीदाह गरी वा खाडल खनी गाड्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पोष्टमार्टम परिक्षण गर्दा शंका गरिएको रोगको नमूना संकलन गरी नजिकको पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पठाई परिक्षण गराउनु पर्नेछ । यसरी प्राप्त हुने परिक्षण प्रतिवेदन कार्यालय मार्फत विभाग र पशु सेवा विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(६) सञ्चालकले उपदफा (३), (४) र (५) बमोजिम भएको कार्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(७) फार्मबाट निस्कने सिनु र फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) मृत्यु भएका वन्यजन्तुको आखेटोपहार संकलन र अभिलेख राखी बाँकी रहेको सिनु उपदफा (४) बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(ख) फोहोरको उचित व्यवस्थापन नभएको कारणबाट कुनै रोग वा वन्यजन्तुको स्वास्थ्यमा असर पर्न गएमा सोको जिम्मेवार सञ्चालक स्वयम हुनेछ ।

(ग) फार्ममा खटिएका कर्मचारी, अनुगमनको क्रममा आउने कर्मचारी र अन्य आगन्तुक मानिसबाट वन्यजन्तुमा र वन्यजन्तुबाट मानिसमा रोग सर्न नदिन औषधी, निःसंक्रमण

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

गर्ने, मास्क, एप्रोन, रोग प्रतिरोधात्मक उपकरण तथा अन्य साधन वा सामाग्री वा विज्ञ सेवाको व्यवस्थापन गर्ने दायित्व तथा जिम्मेवारी सञ्चालकको हुनेछ ।

(घ) फार्मभित्रको इन्क्लोजर वरिपरि व्यवस्थित ढलको व्यवस्था गरिएको हुनुपर्नेछ । इन्क्लोजरबाट निस्कने फोहर तथा पानी व्यवस्थित रुपमा प्रशोधन वा उपचार गरेर मात्र निकास गर्नु पर्नेछ ।

## परिच्छेद- ६

## जैविक सुरक्षा सम्बन्धी व्यवस्था

१०. जैविक सुरक्षा सम्बन्धी व्यवस्थाः फार्ममा देहाय बमोजिम जैविक सुरक्षा कायम गर्नु पर्नेछः-

(क) फार्मको मूल प्रवेशद्वार एउटामात्र हुनु पर्नेछ । मूल प्रवेशद्वारबाट प्रवेश गर्दा वा बाहिर निस्कदा निःसंक्रमण गर्ने व्यवस्था हुनु पर्नेछ ।

(ख) वन्यजन्तु राख्ने संरचना देखि अन्य कुनै व्यवस्थापन इकाई, कार्यालय भवन, कामदार आवास, सुरक्षा गार्ड इकाई, दाना भण्डारण कक्ष, जैविक खाडल, आदिको दुरी कम्तिमा दश मिटर टाढा हुनु पर्नेछ । फार्म सञ्चालन हुनें जग्गाको साँधबाट कम्तिमा पाँच मिटर छोडेर मात्र खोरहरु निर्माण गर्नु पर्नेछ ।

(ग) फार्ममा कुनै किसिमको संक्रामक रोग फैलिएमा सञ्चालकले सोको सूचना तत्काल कार्यालय तथा नजिकको पशु सेवा कार्यालयमा दिनु पर्नेछ ।

## परिच्छेद- ७

## अनुगमन सम्बन्धी व्यवस्था

११. अनुगमन गर्नु पर्नेः (१) सम्बन्धित प्रदेश वन निर्देशनालय, विभाग, वन तथा भू-संरक्षण विभाग, वा सम्बन्धित कार्यालयले बर्षको कम्तीमा एकपटक फार्मको अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन कार्य गर्दा आवश्यकता अनुसार अन्य निकाय वा विज्ञको समेत समावेश गरी अनुसूची- १३ बमोजिमको फाराम भरी सम्बन्धित कार्यालय र विभागमा प्रतिवेदन बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनले औंल्याएका सुझावहरुलाई कार्यान्वयन गर्ने दायित्व तथा जिम्मेवारी सञ्चालकको हुनेछ ।

(४) सञ्चालकले अनुगमनको शिलशिलामा खटिई आउने कर्मचारीहरुलाई सहयोग गर्नु पर्नेछ ।

(५) अनुगमनको क्रममा सञ्चालकले ऐन, नियमावली तथा यो मापदण्डको वर्खिलाप हुने गरी कार्य गरेमा विभागले अनुमतिपत्र खारेज गर्नेछ । अन्य विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ । यसरी अनुमतिपत्र खारेज गर्नु अघि विभागले संचालकलाई लिखित सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने सञ्चालकले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ । त्यस्तो उजूरीमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद- ८
## विविध

१२. **अभिलेख राख्नु पर्ने:** (१) सञ्चालकले प्राप्त गरेको बीउ प्राणी र तिनका पुस्ता, अङ्ग वा अङ्गबाट वनेका वस्तु, विक्री वितरण वा मृत्यु, विरामी वा घाइते भएका वन्यजन्तु, प्रयोग गरिएको औषधी लगायत फार्मसँग सम्बन्धित सम्पूर्ण सूचनाको अभिलेख राखी सोको प्रतिवेदन वार्षिक रुपमा प्रदेश वन मन्त्रालय, वन निर्देशनालय, विभाग, वन तथा भू-संरक्षण विभाग र सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) सञ्चालकले फार्ममा जन्मेका वा मृत्यु भएका वन्यजन्तुको अनुसूची- १४ वा अनुसूची- १५ बमोजिमको प्रमाणपत्र कार्यालयबाट लिई लगत अद्यावधिक गर्नु पर्नेछ ।

१३. **फार्ममा काम गर्ने वा अनुगमनमा खटिने कर्मचारी घाइते वा मृत्यु भएमा प्रचलित कानून बमोजिम हुने:** सञ्चालकले फार्ममा पालिएका वन्यजन्तुको आक्रमणबाट काम गर्ने कर्मचारी, अनुगमनमा खटि आउने कर्मचारी घाइते भएमा वा मृत्यु भएमा उपचार र राहत सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **फार्म बन्द गर्ने सम्बन्धी व्यवस्था:** (१) सञ्चालकले फार्म सञ्चालन गर्न असमर्थ भई बन्द गर्न चाहेमा सोको मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थलगत निरिक्षण गरी सिफारिस सहितको प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर प्राविधिक समितिले जाँचबुझ गरी रायसहितको प्रतिवेदन विभागमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा विभागले सञ्चालकलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्ने शर्तमा फार्म बन्द गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम फार्म बन्द गर्दा सञ्चालकले प्राप्त गरेको बीउ प्राणी सम्बन्धित कार्यालयलाई फिर्ता गर्नु पर्नेछ ।

(६) सञ्चालकले फार्म बन्द गर्दा अनुमतिपत्र र बीउ प्राणी उपलब्ध गराए वापत बुझाएको रकम फिर्ता हुने छैन ।

१५. <u>स्वतः खारेज भएको मानिने:</u> यो मापदण्ड प्रारम्भ हुनुपूर्व व्यवसायिक रुपमा वन्यजन्तु पालन गरेका सञ्चालकले यो मापदण्ड प्रारम्भ भएको मितिले एकवर्षभित्र मापदण्डमा तोकिएको प्रक्रिया पूरा गरी विभागबाट अनुमति वा पुनः अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र नलिएमा सो अनुमति स्वतः खारेज भएको मानिनेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

व्यवसायिक वन्यजन्तु पालन तथा प्रजनन् अनुमतिको लागि दिइने निवेदनको ढाँचा

मितिः....................

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।

मार्फतः ........... राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय ।

विषयः व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन् गर्न अनुमति सम्बन्धमा ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम देहायका वन्यजन्तुको व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन् कार्य गर्न र प्रजनन्बाट उत्पादन भएका दोस्रो वा सो भन्दा पछिको पुस्ताका वन्यजन्तु वा तिनको अङ्ग वा अङ्गबाट तयार हुने वस्तुहरु उपयोग, बिक्री, वितरण र स्वदेशभित्र ओसारपसार गर्ने प्रायोजनार्थ फार्म सञ्चालन सम्बन्धी व्यवसायिक योजना तथा नियमावलीको अनुसूची - १७ बमोजिमको विस्तृत कार्ययोजनाका साथै निम्न अनुसारका विवरण र कागजात यसैसाथ संलग्न राखी अनुमतिको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं ।

| क्र.सं. | पालन गर्न चाहेको वन्यजन्तुको प्रजाति | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भाले | पोथी | जम्मा | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुमतिपत्र माग गर्ने व्यक्ति वा संस्था

दस्तखत.............................., नामः.................................... दर्जाः ...............................

ठेगानाः प्रदेश...............जिल्लाः................पालिकाः .................वार्डः ..............., गाँउ/टोलः ..........

फोन ........................... मोबाइल .............................इमेल........................

मितिः............................

संस्थाको छापः

तपसिलः

१. सञ्चालकको नेपाली नागरीकताको प्रमाण ।

२. फार्म स्थापना र सञ्चालन हुने जग्गाको स्वामित्व खुलेको जग्गा धनी दर्ता प्रमाण पूर्जा, कसैसित करार सम्झौता गरी कम्तीमा दश वर्षको अवधि तोकी भाडामा लिने दिने मञ्जुरी पत्र, तिरो तिरेको रसिद,



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

जग्गाको कित्ता खुल्ने ट्रेस नक्सा, जग्गाको साँधसँधियारको सहमति रहेको स्थलगत मञ्जुरीनामा वा मुचुल्का ।

३. नियमानुसार उद्योग दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण, करचुक्ता प्रमाण ।

४. फार्म रहेको स्थानको नक्सा (भवन तथा खोरको बनावट) सहितको रुपरेखा (बिषयगत)

५. वातावरण संरक्षण ऐन र नियमावली आकर्षित हुने हकमा सोहि बमोजिमको कागजात ।

६. सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालय वा संरक्षण क्षेत्र उपभोक्ता समिति र सम्बन्धित मध्यवर्ती क्षेत्र र सामुदायिक वन उपभोक्ता समूहको सिफारिस पत्र / संरक्षित क्षेत्र तथा नजिकको सरकारी वनबाट दुरी खुलेको कार्यालयबाट जारी सिफारिस

७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची– २

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

फार्मको न्यूनतम क्षेत्रफल र इन्क्लोजरको नाप साईज

| क्र.सं. | प्रजाति | एक जोडी वन्यजन्तुको लागि इन्क्लोजरको नाप साईज | | | फार्मको न्यूनतम क्षेत्रफल (हेक्टर) | राख्न पाउने संख्या | बीउ प्राणीको न्यूनतम संख्या |
|---|---|---|---|---|---|---|---|
| | | लम्बाई (मिटर) | चौडाई (मिटर) | क्षेत्रफल (बर्ग मिटर) | | | |
| (क) | स्तनधारी | | | | | | |
| १ | लगुना | १० | १० | १०० | ३ | ६ देखि २१० | ६ |
| २ | रतुवा | १० | १० | १०० | ३ | ६ देखि २१० | ६ |
| ३ | चित्तल | १० | १० | १०० | २ | ६ देखि १४० | ६ |
| ४ | नीलगाई / घोडगधा | १५ | १० | १५० | ५ | ६ देखि २३३ | ६ |
| ५ | खरायो (संरक्षित बाहेक) | २ | २ | ४ | ०.१ | २० देखि १७५ | १० |
| ६ | दुम्सी | ४ | ४ | १६ | ०.१ | १० देखि ४३ | १० |
| ७ | बँदेल | ४ | ४ | १६ | ०.२ | २० देखि ८६ | १० |
| (ख) | सरिसृप (अजिङ्गर बाहेक) | | | | | | |
| ८ | सर्प प्रजाति | २ | १ | २ | ०.१ | २० देखि ३५० | २० |
| ९ | मगर गोही | १० | ६ | ६० | ०.५ | ६ देखि ५८ | ६ |
| १० | कछुवा (संकटापन्न र अति संकटापन्न बाहेक) | १.४ | ०.८ | १.१२ | ०.१ | २० देखि ६२५ | २० |
| (ग) | उभयचर | | | | | | |
| ११ | भ्यागुता पाहा | ०.७५ | ०.७४ | ०.६ | ०.१ | १०० देखि ११६६ | १०० |
| (घ) | पंक्षी | | | | | | |
| क्र.सं. | प्रजाति | एक जोडी वन्यजन्तुको लागि इन्क्लोजरको नाप साइज | | | फार्मको न्यूनतम | राख्न पाउने प्राणी संख्या | बीउ प्राणीको |

| | | लम्बाई (मिटर) | चौडाई (मिटर) | उचाई (मिटर) | आयतन (घ.मि.) | क्षेत्रफल (हेक्टर) | | न्यूनतम संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १२ | मयुर | १० | १० | ५ | ५०० | ०.३ | २० देखि ५० | २० |
| १३ | कालिज (संरक्षित बाहेक) | ५ | ५ | ४ | १०० | ०.३ | २० देखि १०० | २० |
| १४ | लुँईचे वन कुखुरा | ५ | ५ | ४ | १०० | ०.३ | २० देखि १०० | २० |
| १५ | बट्टाई | २ | २ | ४ | १६ | ०.१ | ५० देखि ५०० | ५० |
| १६ | च्याखुरा | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |
| १७ | तित्रा | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |
| १८ | पिउरा | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |
| १९ | ढुकुर | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |
| २० | मैना | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |
| २१ | सुगा | २ | २ | ४ | १६ | ०.१ | २० देखि २०० | २० |

द्रष्टव्य:

- फार्मको स्थापना र सञ्चालन कम्तीमा १ हेक्टर क्षेत्रफलको निजी जग्गा हुनु पर्नेछ ।
- वन्यजन्तुको संख्याको अनुपातमा फार्मको जग्गाको क्षेत्रफल हुनु पर्नेछ ।
- कुनै ठूलो भवन वा पुर्वाधारमा तला तला गरी खोर बनाउन पाइने छैन् ।
- माथि उल्लेखित प्रावधान बाहेक स्थानीय तहबाट लागु गरिएका भवन निर्माण सम्बन्धी अन्य प्रावधानहरु समेत पालना गर्नुपर्ने छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची- ३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

बीउ प्राणी माग गर्ने निवेदनको ढाँचा

मितिः.....................

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।

मार्फतः .......... राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय ।

विषयः बीउ प्राणी पाँउ भन्ने सम्बन्धमा ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को अनुसूची - १८ बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन, प्रजनन् तथा उपयोगका का लागि प्राप्त अनुमतिपत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी देहाय बमोजिमका प्रजाति र संख्यामा बीउ प्राणी उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु/गरेका छौं ।

| क्र.सं. | पालन गर्न चाहेको वन्यजन्तु प्रजाति | संख्या | | बीउ प्राणी लिन चाहेको स्थानको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | भाले | पोथी | | |
| | | | | | |
| | | | | | |

अनुमतिपत्र माग गर्ने व्यक्ति वा संस्था :

दस्तखत..............................नामः.................................... दर्जा...................................

मितिः..............................

संस्थाको छापः

संलग्न राख्नु पर्ने कागजातहरुको सूची :

१. दस्तुर बुझाएको भौचर ।

२. मध्यवर्ती/संरक्षण क्षेत्र उपभोक्ता समिति/सामुदायिक वन उपभोक्ता समूह वा संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयको सिफारिस पत्र र संलग्न हुनु पर्ने विवरण ।

३. स्थानीय तहको सिफारिस

४. विगतमा प्रमाण पत्र लिएको भए सोको प्रतिलिपि ।

संचालन भैसकेको फार्महरुको हकमा तपसिल बमोजिमको थप विवरण

| विवरण | प्रजातीको नाम | संख्या | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | भाले | पोथी | | |
| १. चालु आ. व.मा आयात भएको | | | | | |
| २. चालु आ.व.मा स्वदेशबाट खरिद | | | | | |
| ३. हाल पालन भई रहेको | | | | | |
| ४. कुल खोर संख्या/क्षमता | | | | | |

अनुसूची– ४

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

बीउ प्राणी उपलब्ध गराएको पत्र

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

मितिः..................

विषयः वन्यजन्तु पालन तथा प्रजननको लागि बीउ प्राणी उपलब्ध गराएको सम्बन्धमा ।

श्री.......................राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १५क र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख को उपनियम (४) बमोजिम अनुमति प्राप्त यस मापदण्डको अनुसूची-२ अनुसार विभागमा पेश हुन आएको निवेदनमा कारवाही हुँदा विभागको मिति .............को निर्णयानुसार देहायको स्थानबाट निम्न बमोजिमको संख्यामा बीउ प्राणी उपलब्ध गराइएको छ । यस कार्यमा लाग्ने सम्पूर्ण खर्च सञ्चालकलाई व्यहोर्न लगाई मिति.....................देखि मिति.....................को अवधिमा उक्त कार्य सम्पन्न गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

| क्र.सं. | उपलब्ध गराएको वन्यजन्तुको प्रजाति | संख्या | | बीउ प्राणी उपलब्ध गराउने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | भाले | पोथी | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुमतिपत्र दिने अधिकारी

दस्तखत.................................

नामः.....................................

दर्जाः....................................

मितिः...................................

बोधार्थ तथा कार्यार्थ

श्री............................व्यक्ति वा संस्था, लाग्ने सम्पूर्ण खर्च तपाईले व्यहोर्ने गरी कार्यालयको कर्मचारीको रोहवरमा संकलन गर्नुहुन अनुरोध छ ।

अनुसूची– ५

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

विदेशबाट बीउ प्राणी आयात गर्ने निवेदनको ढाँचा

मितिः...............

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ ।

विषयः <u>वन्यजन्तु पालन तथा प्रजनन् लागि विदेशबाट बीउ प्राणी आयात गर्न पाउँ भन्ने सम्बन्धमा</u> ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को अनुसूची - १८ बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन्को लागि प्राप्त अनुमतिपत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी देहाय बमोजिमका प्रजाति र संख्यामा बीउ प्राणी ...........देशबाट आयात गर्न अनुमति उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु/गरेका छौं ।

| क्र.सं. | आयात गर्न चाहेको वन्यजन्तुको प्रजाति | संख्या | | जम्मा संख्या | बीउ प्राणी आयात गर्ने देश | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>अनुमतिपत्र माग गर्ने व्यक्ति वा संस्था</u>

दस्तखत...............................
नामः...................................
दर्जाः.....................................
मितिः...................................
सम्पर्क फोन नं.........................मोवाइल नं...................................इमेल...................................

<u>संलग्न राख्नु पर्ने कागजातहरुको सूचीः</u>

१. Invoice, Shipment date, Route of Shipment सम्बन्धी विवरण ।

२. आयात गरीने देशमा नेपाल सरकार तथा अन्तराष्ट्रिय पशु स्वास्थ्य संगठनबाट जारी भएका संक्रामक वा सूचीकृत रोगहरु नभएको प्रमाण, आधिकारिकता निकायबाट निरोगिताको प्रमाणपत्र, आयात गरीने देशको सम्बन्धित सरकारी निकायको सिफारिस ।

३. Convention on International Trade in Endangered Species (CITES) Authorities वा अन्य वन, वातावरण सम्बन्धी निकायको सिफारिस ।

४. नेपालमा नपाईने प्रजातिको पहिलो पटक आयात हुने हकमा सो प्रजाति (Domesticated) भएको प्रमाण, पालन प्रणाली (Management Guide) तथा उत्पादन तथा उत्पादकत्व क्षमता (Performance Parameter) लगायतका विवरण खुलाउनु पर्ने । सो देशमा उत्पादन हुने फर्मको उत्पादन प्रणाली, असल पालन पद्धति (Good Farming Practice), रोग रोकथाम लगायतका विवरण ।

५. सम्बन्धित देशको आधिकारिक निकायबाट जारी गरिएको अन्तर्राष्ट्रिय स्वास्थ्य वा भेटेरिनरी प्रमाणपत्र तथा खोपको विवरण ।

६. मध्यवर्ती / संरक्षण क्षेत्र उपभोक्ता समिति / सामुदायिक वन उपभोक्ता समूह वा संरक्षित क्षेत्र कार्यालय/डिभिजन वन कार्यालयको सिफारिस पत्र र संलग्न हुनुपर्ने विवरण ।

७. तपसिल अनुसारको विवरण :

| क्र.सं. | विवरण | प्रजातीको नाम | लिङ्ग | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | भाले | पोथी | | |
| १ | चालु आ. व.मा आयात भएको | | | | | |
| २ | चालु आ.व.मा स्वदेशबाट खरिद | | | | | |
| ३ | हाल पालन भई रहेको | | | | | |
| ४ | कुल खोर संख्या र क्षमता | | | | | |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ६

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

बीउ प्राणी आयात गर्ने अनुमतिको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

मितिः .........................

विषयः वन्यजन्तु पालन तथा प्रजननका लागि विदेशबाट बीउ प्राणी आयात गर्न अनुमति सम्बन्धमा ।

श्री......................................

.......................।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख को उपनियम (७) बमोजिम यस मापदण्डको अनुसूची - ४ अनुसार विभागमा पेश हुन आएको निवेदनमा कारवाही हुँदा विभागको मिति ............को निर्णयानुसार देहायमा उल्लेख भए बमोजिमको बीउ प्राणी ............देशबाट आयात गर्न मिति..........देखि...........सम्मको अवधि तोकी यो अनुमति दिइएको छ ।

तपसिलः

| क्र.सं. | आयात गर्न चाहेको वन्यजन्तुको प्रजाति | संख्या | | जम्मा संख्या | बीउ प्राणी आयात गर्ने देश | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुमतिपत्र दिने अधिकारी

दस्तखत..............................

नामः....................................

दर्जाः...................................

मितिः..................................

बोधार्थः

श्री...............................कार्यालय .....................

अनुसूची- ७

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

आवश्यक न्यूनतम जनशक्ति

| क.सं. | जनशक्ति विवरण | आवश्यक न्युनतम संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राविधिक विज्ञ (दर्तावाला पशु चिकित्सक) | १ | पूर्णकालीन वा आंशिक समय कार्यगर्ने गरी नियुक्त गर्न सकिने |
| २ | क्यूरेटर | १ | पूर्णकालीन |
| ३ | किपर | १ | पूर्णकालीन |
| ४ | प्रशासन तथा व्यवस्थापन कर्मचारी | १ | पूर्णकालीन |
| ५ | आहारा तथा पोषण विज्ञ | १ | पूर्णकालीन वा आंशिक समय कार्यगर्ने गरी नियुक्त गर्न सकिने |
| ६ | वन र वन्यजन्तु विज्ञ | १ | पूर्णकालीन वा आंशिक समय कार्यगर्ने गरी नियुक्त गर्न सकिने |
| ७ | सुरक्षा कर्मचारी | १ | पूर्णकालीन |
| ८ | कामदार | | आवश्यकता अनुसार |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अनुसूची– ८

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

आवश्यक न्यूनतम सुविधा र उपकरण

| क्र. सं. | आवश्यक सुविधाहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | वन्यजन्तु उपचार स्थल (क्लिनिक) | |
| २ | एम्बुलेन्स | भाडामा लिन सकिने |
| ३ | सवारी साधन (जीप, पिकअप) | भाडामा लिन सकिने |
| ४ | डार्ट गन वा अन्य ट्रांकुलाइजिग इक्युपमेन्टस् | आवश्यकता अनुसार |
| ५ | केज/ खोर | |
| ६ | आवश्यकता अनुसारको औषधी व्यवस्थापन र स्रोत | |

अनुसूची– ९

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु उपयोग, बिक्री, वितरण गर्न अनुमति माग गर्ने निवेदनको ढाँचा

मितिः..................

श्री..................राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय ......................।

विषयः वन्यजन्तु र तिनको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु उपयोग, बिक्री, वितरण गर्न अनुमति बारे ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन्को लागि विभागको मिति............... को निर्णयानुसार प्राप्त अनुमतिपत्र बमोजिमको वन्यजन्तुबाट उत्पादित देहाय बमोजिमको वन्यजन्तु, अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु उपयोग, बिक्री, वितरण गर्न अनुमतिको लागि यो निवेदन पेश गरेको छु /गरेका छौं ।

| क्र.सं. | वन्यजन्तु/आखेटोपहार/वस्तुको विवरण | संख्या/परिमाण | उपलब्ध गराउनेको नाम, ठेगाना र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुमतिपत्र माग गर्ने व्यक्ति वा संस्था

दस्तखत..........................

नामः.................................

दर्जाः....................................

मितिः..................................

सम्पर्कः..............................मोवाइल नं.................................इमेल.........................

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १०

(दफा ८ को उपदफा (२) संग सम्बन्धित)

## वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु स्वदेशभित्र ओसारपसार गर्न अनुमति माग गर्ने निवेदनको ढाँचा

मितिः............................

श्री..................राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय ................................ ।

विषयः- वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु स्वदेशभित्र ओसारपसार गर्न अनुमति बारे ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन्को लागि विभागको मिति.................को निर्णयानुसार प्राप्त अनुमतिपत्र बमोजिमको वन्यजन्तुबाट उत्पादित देहाय बमोजिमको वन्यजन्तु, अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु स्वदेशभित्र ओसारपसार गर्न अनुमतिको लागि यो निवेदन पेश गरेको छु / गरेका छौं ।

| क.सं. | वन्यजन्तु/आखेटोपहार/वस्तुको विवरण | संख्या/परिमाण | उपलब्ध गराउनेको नाम, ठेगाना र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुमतिपत्र माग गर्ने व्यक्ति वा संस्था

दस्तखत............................
नामः..................................
दर्जाः...................................
मितिः..................................
सम्पर्कः.............................मोवाइल नं.....................................इमेल..........................

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची- ११

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएका वस्तु उपयोग, बिक्री, वितरण गर्ने अनुमतिको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

............... राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र कार्यालय

वा

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

........................................ डिभिजन वन कार्यालय

मितिः ..........................

विषयः वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु उपयोग, बिक्री, वितरण गर्ने अनुमति ।

श्री.................................... व्यक्ति वा संस्था

.......................।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन्को लागि विभागको मिति .......... को निर्णयानुसार उपलब्ध गराएको अनुमतिपत्र बमोजिमको वन्यजन्तुबाट उत्पादित देहाय बमोजिमको वन्यजन्तु, अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु उपयोग, बिक्री, वितरण गर्न यो अनुमति प्रदान गरिएको छ ।

| क्र.सं. | वन्यजन्तु/आखेटोपहार/वस्तुको विवरण | संख्या/परिमाण | उपलब्ध गराउनेको नाम, ठेगाना र सम्पर्क नं. | बिक्री, वितरण गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुमतिपत्र दिने अधिकारी

दस्तखत............................ नामः....................................

दर्जाः..................................

मितिः.......................................

बोधार्थः

श्री............................कार्यालय ........................।



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १२

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएका वस्तु स्वदेशभित्र ओसारपसार गर्ने अनुमतिको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............. राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/शिकार आरक्ष/संरक्षण क्षेत्र कार्यालय

वा

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

.......................................... डिभिजन वन कार्यालय

मितिः ..........................

विषयः वन्यजन्तु र सोको अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु ओसारपसार गर्ने अनुमति ।

श्री.................................... व्यक्ति वा संस्था

...................... ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम व्यवसायिक रुपमा वन्यजन्तु पालन तथा प्रजनन्को लागि विभागको मिति ................. को निर्णयानुसार उपलब्ध गराएको अनुमतिपत्र बमोजिमको वन्यजन्तुबाट उत्पादित देहाय बमोजिमको वन्यजन्तु, अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु .............. देखि ........... स्थान सम्म ओसारपसार गर्न मिति ........ देखि ........... सम्मको लागि यो अनुमति प्रदान गरिएको छ । आवश्यक भएमा साईटिस अनुमति नं समेत उल्लेख गर्ने ।

| क्र.सं. | वन्यजन्तु/आखेटोपहार/वस्तुको विवरण | संख्या/परिमाण | उपलब्ध गराउनेको नाम, ठेगाना र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुमतिपत्र दिने अधिकारी

दस्तखत.............................

नामः....................................

दर्जाः.......................................

मितिः....................................

बोधार्थः

श्री............................कार्यालय ...................... ।



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची- १३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन फारामको ढाँचा

१. वन्यजन्तु पालन तथा प्रजनन् गर्ने व्यक्ति वा संस्थाको नाम, ठेगाना:-

२. वन्यजन्तु पालन गरेको स्थान र क्षेत्रफल (वर्ग मिटर):-

३. वन्यजन्तु पालन तथा प्रजनन् गर्न अनुमति लिएको मिति:-

४. अनुगमन गर्ने टोली प्रमुखको नाम, दर्जा र कार्यालय:-

५. सहभागि अन्य कर्मचारीहरुको नाम, दर्जा र कार्यालय:-

६. अनुगमन गरेको मिति:-

७. अनुगमनको विवरण:-

(क) वन्यजन्तु पालन तथा प्रजनन् गर्न अनुमति पाएको वन्यजन्तुको विवरण

| क.सं. | वन्यजन्तु प्रजाति | अनुमति प्राप्त वन्यजन्तु | संख्या | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | भाले | पोथी | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ख) बीउ प्राणीको विवरण

| क.सं. | वन्यजन्तु प्रजाति | बीउ प्राणी उपलब्ध गराएको कार्यालय र मिति | संख्या | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | भाले | पोथी | | |
| | | | | | | |
| | | | | | | |

(ग) हालको पालन तथा प्रजनन्को अवस्था

| क.सं. | वन्यजन्तु प्रजातिको नाम | संख्या | | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | बच्चा | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(घ) उपयोग, बिक्री, वितरण वा ओसारपसारको हालको अवस्था

| क.सं. | वन्यजन्तु प्रजातिको नाम | संख्या | | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भाले | पोथी | बच्चा | | |
| १. | | | | | | |
| २. | | | | | | |

(ङ) अन्य विवरणहरु

| क्र.सं. | विषय | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | नियमित रुपमा पेश गर्नु पर्ने प्रतिवेदन बारे | | |
| क | प्रतिवेदन पेश गरेको भए सोको मिति र निकाय | | |
| ख | प्रतिवेदन नगरेको भए सोको कारण | | |
| २ | वन्यजन्तुको स्वास्थ्य अवस्था | | |
| क | नियमित रुपमा स्वास्थ्य चेकजाँच भए नभएको (अवधि) | | |
| ख | बिरामी भएका वन्यजन्तुको अवस्था तथा गरिएको उपचार | | |
| ग | अन्य | | |
| ३ | वन्यजन्तुको लागि आहारा तथा सुरक्षा | | |
| ४ | जनशक्ति व्यवस्थापन | | |
| ५ | फोहोर व्यवस्थापन | | |
| ६ | अनुमतिपत्र खारेज भए/नभएको | | |
| ७ | विभागीय निर्देशन पालन भए/नभएको | | |
| ८ | नियमावलीको नियम ३६ख को उपनियम (११) बमोजिमको सूचना गरे नगरेको | | |
| ९ | मापदण्डको अनुसूची २ अनुसारका प्रावधानहरु | | |

८. अनुगमन टोलीको अन्य सुझावः-

९. दस्तखतः

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

अनुसूची- १४

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

वन्यजन्तु जन्मदर्ताको प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

..............................कार्यालय

वा

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

...................................... डिभिजन वन कार्यालय

मितिः ..............................

श्री......................................व्यक्ति/संस्था

................।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, ऐन २०२९ को दफा १५क. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम विभागको मिति.................. को निर्णयानुसार व्यवसायिक रुपमा वन्यजन्तु पालन, प्रजनन् तथा उपयोगको लागि अनुमतिपत्र प्रदान गरिएकोमा सोबाट उत्पादन भएको दोस्रो वा सो भन्दा पछिको पुस्ताका वन्यजन्तुको जन्म दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

तपसिलः

| क्र.सं. | बीउ प्राणी प्राप्त गरेको स्रोत र मिति | जन्मेको वन्यजन्तुको विवरण (प्रजाति, लिङ्ग) | जन्मेको मिति | ट्याग / चिप्सको विवरण | जन्म दर्ता नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दर्ता गर्ने अधिकारी

दस्तखत................................

नाम .................................

दर्जा..................................

मिति..................................

बोधार्थः

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।

अनुसूची- १५

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**वन्यजन्तु मृत्यु दर्ताको प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................................. कार्यालय

वा

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

......................................... डिभिजन वन कार्यालय

मितिः ..........................

श्री............................................व्यक्ति/संस्था

.................।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ख. को उपनियम (४) बमोजिम विभागको मिति................. को निर्णयानुसार व्यवसायिक रुपमा वन्यजन्तु पालन, प्रजनन् तथा उपयोगको लागि अनुमतिपत्र प्रदान गरिएको देहायका वन्यजन्तुको मृत्युदर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

तपसिल

| क्र.सं. | बीउ प्राणी प्राप्त गरेको स्रोत र मिति | मृत्यु भएको वन्यजन्तुको विवरण (प्रजाति, लिङ्ग) | ट्याग / चिप्सको विवरण | जन्म मिति | जन्म दर्ता नं. | मृत्यु भएको मिति | मृत्यु दर्ता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

<u>दर्ता गर्ने अधिकारी</u>

दस्तखत................................

नाम ...................................

दर्जा....................................

मिति....................................

<u>बोधार्थः</u>

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।